नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया
Google Plus Code: 683V+HM Gulariya

स्थायी लेखा नं. २०१२८४७७३
०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७८/०७९
च.नं.: स्था.प्र. २८०४

मिति: २०७८/०७/०२

विषयः जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री जिल्लास्थिति सबै कार्यालय, नियोग तथा संघस्थाहरु,
बर्दिया ।

उपरोक्त सम्बन्धमा मिति २०७८/०७/०२ गते जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवम् बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाको बैठकबाट भएको निर्णय पाना-४ यसैसाथ संलग्न राखि आवश्यक कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

माधव
२०७८/०७/०२

माधव प्रसाद शर्मा
सहायक प्रमुख जिल्ला अधिकारी

आज मिति २०७८ साल कार्तिक ४ गते जिल्ला विपद व्यवस्थापन समितिका अध्यक्ष एवम् बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनारको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला विपद व्यवस्थापन समिति, बर्दियाको बैठक बसी निम्नानुसारको निर्णय गरियो

उपस्थिति

प्र.जि.अ. श्री सन्त बहादुर सुनार, जि.प्रशा.का., अध्यक्ष
प्रमुख, श्री शंकर प्रसाद थारु, जि.स.स. सदस्य
प्रमुख, श्री मुक्तिनाथ यादव, गुलरिया न.पा.
प्रमुख, श्री शालिकराम अधिकारी बाँसगढी ,,
प्रमुख, श्री धननारायण सेवक ठाकुरबाबा ,,
प्रमुख, श्री गणेश बहादुर के.सी. मधुवन ,,
प्रमुख, श्री शिव प्रसाद थारु राजापुर ,,
प्रमुख, श्री दुर्गा बहादुर थारु बारबर्दिया ,,
~~प्रमुख~~ अध्यक्ष श्री लाल बहादुर सेवक बढैयाताल गा.पा
अध्यक्ष श्री जमान सिंह के.सी. गेरुवा ,,
प्रतिनिधि श्री ने.का.
प्रतिनिधि श्री ने.क.पा.
प्रतिनिधि श्री विष्णु यादव ~~ने.क.पा~~ ज.स.पा.
प्र.उ. श्री ईश्वर कार्की, जि.प्र.का.
स.प्र.ह. श्री नर बहादुर रावत स.प्र.प. नेपाल
उप अनु. नि. श्री प्रज्वल खड्का, रा.अ.वि.का.
बेनानी श्री मोहन के.सी., कैरव प्रसाद गण सुरक्षा गुल्म
स.क.का. श्री विष्णु तिमिल्सिना, नेपाल रेडक्रस सोसाइटी बर्दिया
कमलबहादुर रोक्या प्रा.अ. जि.ले.नि.का. बर्दिया
तिलक न्यौपाने डि.प्र. वि.पा तथा पू.टि.का. बर्दिया
गोपाल ज्ञवाली जि.कृ.प्र.का. बर्दिया
भीम ब० रावल सघारे आपांगत कार्यालय एयुधि
दिनेश कुमार चौधरी ,,
सौरभ पौडेल बबई सिंचाई आयोजना
कृष्णप्रसाद गौतम - सभापति, रेडक्रस बर्दिया
मेघराज घिमिरे हाम्रो भावना दैनिक सम्पादक
मुरली गोडिया - कान्तिपुर T.V. संवाददाता
धुव प्रसाद गौतम - कोषाध्यक्ष जि. का. बर्दिया

गणेश प्रसाद ढकाली के.अ. हुलाकी राजमार्ग योजनाको प्रे.नं.

हरिश तिवारी ना.प्र. रानीपुर सिंचाई व्यवस्थापन कार्यालय बर्दिया

हरि प्रसाद अवस्थी सब-इन्जि. जलस्रोत तथा सिंचाइ विकास डि.का. बर्दिया

तीर्थ ब. खड्का अधिकृत एकीकृत कृषि तथा पशुपन्छी डि. बर्दिया

बाल कृष्ण ओली संयोजक, बर्दिया नागरिक समाज संजाल

Surendra Kr. Sr DRR Speed, CARE Nepal

सीताराम चौधरी KMJS Nepal

राम चरित्र चौधरी इन्जिनियर बबई बाढा औरही नदी व्यवस्थापन आयोजना

दीपेन्द्र खड्का इन्जिनियर डिभिजन सडक कार्यालय नेपालगञ्ज

टेक ब. वि.क. बारबर्दिया न.पा. कार्यपालिका सदस्य विपद संयोजक

मेनका चौधरी नेपाल पत्रकार महासंघ उपाध्यक्ष

यादव आचार्य " " " बर्दिया अध्यक्ष

विनय रवाली ल्वान इन्टरनेशनल नेपाल, पुरुष कि.विशेषज्ञ

सुमित्रा चौधरी जोरवा ग्रामीण जागरण संघ, बर्दिया, परियोजना संयोजक

माधव प्रसाद शर्मा स.प्र.जि.अ., बर्दिया

गंगाराम अधिकारी के.अ. जि. पुलिस का. बर्दिया

निर्णयः

१. कर्णाली नदीमा आकस्मिक रुपमा आएको बाढीजन्य विपद् एवम् कोभिड-१९ संक्रमणको जोखिम रोकथाम, नियन्त्रण, निदान र उपचारका सम्बन्धमा छलफल भयो ।

२. कर्णाली नदीमा आकस्मिक रुपमा आएको बाढीजन्य जोखिमबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि जिल्ला प्रशासन कार्यालय, बर्दियाबाट जारी सूचना बमोजिम सुरक्षितस्थलमा जानुभएकाहरुलाई अर्को सूचना जारी नभएसम्म उच्च सतर्कताका साथ उच्चा घर तथा सुरक्षित आश्रयस्थलमा बसिरहन सबैमा अनुरोध गर्ने ।

३. जिल्ला सुरक्षा समितिबाट बाढीजन्य विपद्को समुचित र प्रभावकारी व्यवस्थापनको लागि राजापुर नगरपालिकामा अस्थायी सम्पर्क केन्द्र बनाई परिचालनको व्यवस्था मिलाइएकोमा उक्त कार्यलाई निरन्तरता दिन अनुरोध गर्ने ।

४. कर्णाली नदीमा आकस्मिक रुपमा आएको बाढीजन्य विपद्बाट कुनै पनि मानवीय क्षति हुन नदिन आ-आफ्नो क्षेत्रबाट आवश्यक सहयोग तथा सूचना सम्प्रेषण गर्ने निजीक्षेत्र, सामाजिक संघसंस्था, स्थानीय समुदाय, गै.स.स. लगायतका सरोकारवाला सबैमा अनुरोध गर्ने ।

५. स्थानीय तह, सरोकारवाला निकाय, संघसस्थावाट जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रको समन्वयमा आ-आफ्नो क्षेत्रवाट सहयोग जारी राख्ने र क्षतिको विवरण संकलन गरी सम्बन्धित स्थानीय तह मार्फत तत्कालै पठाउन अनुरोध गर्ने । साथै सवै स्थानीय तहहरुमा आकस्मिक टोली, सूचना तथा सञ्चार टोली, औषधी उपचार टोली, राहत वितरण तथा प्रारम्भिक द्रुत लेखाजोखा टोली तयारी अवस्थामा रहनको लागि अनुरोध गर्ने ।

६. मिति २०७८/०६/३१ गतेदेखि भएको अविरल बर्षाका कारण कर्णाली नदीको जलस्तर खतरा तह १०.८ मीटर पारगरी १२.४२ मीटर पुगेको (बैठक बसेको समयसम्म) र नदीको सतह बढ्दोक्रममा रहेकोले हेलिकप्टर तयारी अवस्थामा राखिदिनका लागि गृह मन्त्रालयमा अनुरोध गर्ने ।

७. बाढीका कारण जोखीममा रहेका नागरिकहरुलाई उद्धार गर्न रवर वोट, लाइफ ज्याकेट, डोरी लगायतका सामाग्री एवम् उद्धार कार्यमा संलग्न हुने जनशक्तिलाई समेत तयारी अवस्थामा राख्ने ।

८. यस जिल्लाको मौसम पुर्वानुमानमा आधारित बाढी पूर्वतयारीको लागि कार्यसञ्चालन विधिमा उल्लेख गरिए बमोजिमको तयारी गर्न सवै क्षेत्रगत अगुवाहरुलाई अनुरोध गर्ने ।

९. सबै स्थानीय एफएम रेडियो तथा स्थानीय पत्रपत्रिका, सामाजिक सञ्जाल लगायतका सञ्चार माध्यम मार्फत बाढी पूर्वसूचना एवम् सुरक्षित व्यवहार बारे जानकारी गराउने ।

१०. अविरल बर्षाका कारण कर्णाली नदीको पानीको बहाब निरन्तर बढीरहदा भारतीय सीमावर्ती क्षेत्रको गिरिजापुर बाँधका ढोकाहरु बन्द हुँदा पानीको सतह बढ्न गई नेपाल तर्फका भूमि तथा गाउँबस्ती डुबानमा पर्न लागेको जानकारी प्राप्त भएकाले गिरिजापुर बाँधका सबै ढोकाहरु तत्काल खोली नदीको बहावलाई नियमित गर्न केन्द्रीयस्तरमा गृह मन्त्रालय मार्फत एवम् स्थानीयस्तरमा जिल्ला प्रशासन कार्यालय, बर्दियाबाट भारतीय समकक्षी समक्ष समन्वय गर्ने ।

११. अविरल बर्षाका कारण धान लगायत अन्नबाली, नगदे बाली एवम् फलफूल खेतीमा पुर्याएको क्षतिको विवरण एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयले तयार गरेको ढाँचामा सबै स्थानीय तहहरुले संकलन गरी सोको मूल्याङ्कनका आधारमा राहत तथा क्षतिपूर्तिका लागि यस समिति मार्फत सम्बन्धित निकायमा सिफारिस गर्ने।

१२. उद्दार कार्यमा खटिने सुरक्षाकर्मी, स्वयंसेवक, खटिने अन्य जनशक्ति एवम विस्थापित तथा विपद् प्रभावितहरुलाई तत्कालका लागि पिउने पानी, सुख्खा खाना, सुरक्षित बासस्थान आदि उपलब्ध गराउने व्यवस्था नेपाल रेडक्रस सोसाइटी, विभिन्न नियोग, संघसंस्था, सरोकारवाला निकायले सम्वन्धित स्थानीय तहसंग समन्वय र सहकार्य गरी गर्ने ।

१३. सम्वन्धित स्थानीय तहसंग समन्वय गरी सुरक्षा निकाय, स्वयंसेवक, तालिमप्राप्त जनशक्ति र नागरिक समाज, संघसंस्थाहरुले नदी तटीय क्षेत्रका उच्च जोखिमयुक्त गाउँबस्तीका नागरिकहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने ।

१४. नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा बर्दिया मार्फत आपतकालिन खाद्यका लागि विश्व खाद्य कार्यक्रम (WFP) लाई अनुरोध गर्ने।

१५. उद्दार सामग्री तथा स्वयंसेवक सेवाका लागि जिल्लास्थित सबै स्थानीय तहलाई समन्वयात्मक रुपमा आवश्यक सहयोग गर्न अनुरोध गर्ने।

१६. मिति २०७८/०६/३१ गते आएको हावाहुरी तत्पश्चातको अविरल बर्षा तथा बाढीले यस जिल्लामा पुर्याएको क्षतिको विवरण संकलन गरी यस समितिमा पेश गर्न विषयगत क्षेत्रहरुलाई निर्देशन दिने।